**Environmental Concern Advisor Forum of the Foundation for Endangered Species (Ecaffes)**

यो फोरम वातावरण र यससँग सम्बन्धित विषयमा जान्न र अन्तर्क्रिया गर्न चाहने स्कूल, कलेज, स्काउटजस्ता शैक्षिक संस्था र अन्य समूहहरुको लागि हो ।यसको उद्देश्य वन्यजन्तु र संरक्षणको बारेमा अन्तर्राष्ट्रिय सम्बन्ध स्थापना गर्नु तथा सूचना, अनुभव र ज्ञान बाँड्ने एउटा मंच प्रदान गर्नु हो ।

एण्डि मिडलटन संयुक्त राष्ट्र शिक्षा, वैज्ञानिक र सांस्कृतिक संगठन (यूनेस्को) सँग सम्बन्धित 'स्कूल ब्रिटेन आयोग' समूह को अध्यक्ष र वातावरण सल्लाहकार हुन् । सबै यूनेस्को समूह र त्यस्तै खालका संगठनहरु साथै यूनेस्को स्कूल समूहसँग सम्बन्धित हुन नसक्ने र नचाहनेहरुले Ecaffes को सदस्यता लिन सक्छन्। तर युनेस्कोको सदस्यताले Ecaffes मा बढी फाइदा पुग्ने भएको हुँदा सबै समूहरुलाई यूनेस्को स्कूल समूहसँग संलग्न हुन हामी सल्लाह दिन्छौं ।

यो फोरम यूनेस्को स्कूल समूहको चौथो अध्ययन बुँदा 'वातावरणीय चिन्ता' मा केन्द्रित छ ।

"यो विषयले विद्यार्थीहरुलाई विश्व वातावरणमा प्रभाव पार्ने अन्तर्राष्ट्रिय मुद्दाहरुलाई व्यक्तिगत, स्थानीय र राष्ट्रिय यथार्थहरुमा सम्बन्धित गराउन सहयोग गर्छ । यस ढाँचाभित्र रहेर उनीहरुले स्थानीय समस्याहरु सुल्झाउन सक्छन् र भविष्यमा त्यस्तै खालका राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा रणनीति विकास गर्न सक्षम हुन्छन् । यस क्षेत्रका गतिविधिभित्र प्रदुषण, ऊर्जा, वन संरक्षण, समुद्री र वायुमण्डलिय अनुसन्धान, भूक्षय र प्राकृतिक सम्पदा संरक्षण, मरुभूमिकरण, "ग्रीनहाउस प्रभाव", दिगो विकास, बुँदा २१ "रीसाइक्लिंग आदि र विज्ञानले कसरी मानव भविष्यमा टेवा पुर्याउँछ भन्ने कुरा पर्दछन् । सामुदायिक परियोजनाहरु कक्षाकोठामा जानकारी दिएपछि स्थानीय आधारभूत आवश्यकताहरु सुधार्न संचालन गरिएका हुन्छन् ।"

ECAFFES FES को एउटा अंग हो जसले United Nation's Decade of Education for Sustainable Development (UNDESD) को उत्थान गर्छ । यसबाहेक FES का धेरै गतिविधिहरु 'बाली रोडम्याप' मा निर्माण भएका हुनाले UNDESD पछि पनि ECAFFES कायम रही भविष्यका अन्तर्राष्ट्रिय योजनाहरुमा समावेश हुन सक्नेछ ।

फोरमभित्र निम्न कुराहरु पर्छन्:

- यसले ब्रिटेनका लिंकहरु प्रदान गर्छ ।
- यसले अन्तर्राष्ट्रिय लिंकहरु पनि प्रदान गर्छ ।
- यसले विभिन्न स्कूलहरु वा त्यस्तै अन्य संस्थाहरुलाई आफू - आफूमा जोड्ने काम गर्छ ।
- यूनेस्को स्कूल समूहमा समावेश हुन नसकेका सम्पूर्ण गैर - स्कूल समूह र संगठनहरुको लागि यो उपलब्ध छ ।
- यसले नयाँ परियोजना गठन गर्न सहयोग गर्नुका साथै WAFS को विकासको लागि पनि सल्लाह दिन सक्छ ।
- वन्यजन्तु क्षेत्रका संचार गतिविधिले जानकारी, मुद्दा र घटनाहरु प्रकाशित गरेर सहयोग गर्छ ।
- टिप्पणी, विचार र अनुभवहरुलाई व्यक्त गर्न छिट्टै नै एउटा ब्लग पेज उपलब्ध हुनेछ ।
- वन्यजन्तु संरक्षणबारे पत्रिका सबै सदस्यहरुको लागि अनलाइन उपलब्ध छ ।
- FES ले प्रस्तुति, सभा र औपचारिक कक्षाहरु सञ्चालन गर्छ ।
- Ecaffes का सदस्यहरुका लागि किताब, डिभिडि, सीडी, रेकर्ड, टेप रेकर्डिङ र भिडियोको सुविधा भएको पुस्तकालय उपलब्ध छ ।
- यसले The Rhinoceros Award for Raising Awareness, अथवा RARA (वेबपेज हेर्नुहोस्) सञ्चालन गर्छ ।
- सदस्यता हाल निःशुल्क छ ।

**THE WILDLIFE GARDENING AND ANIMAL FEEDING STATION PROGRAMME (WAFS)**

WAFS एउटा अग्रणी परियोजना हो जुन सम्पूर्ण संगठनहरु, व्यक्तिहरु र घरका मानिसहरुले विभिन्न तरिकाबाट प्रयोग गर्न सक्छन् । यस्तो स्थल कसरी बनाउने र यसको उपयोग कसरी गर्ने भन्नेबारे विस्तृत जानकारी प्रकाशित लेखमा देख्न सक्नुहुन्छ (Conserving Wildlife No. 11) ।

- FES संगठनले WAFS लाई यूनेस्कोको पायलट परियोजना बनाएको थियो ।
- FES संगठनले नै नेपालमा पहिलोपटक औपचारिक रूपमा WAFS भित्र्याएको थियो ।
- WAFS को निम्ति वन्यजन्तुको लागि छुट्याइएको एक विशेष क्षेत्र चाहिन्छ ।

- कुनै फूल कुनै विशेष जनावरलाई आकर्षित गर्न रोप्न सकिन्छ । जस्तै, Teazle रोपेर Goldfinches लाई आकर्षित गर्न सकिन्छ ।
- कक्षाकोठामा एक औपचारिक शैक्षिक उपकरणको रूपमा पनि WAFS लाई प्रयोग गर्न सकिन्छ ।
- WAFS लाई अनौपचारिक रूपमा स्कूलमा 'अतिरिक्त अध्ययन' को रूपमा प्रयोग गर्न सकिन्छ ।
- WAFS लाई शैक्षिक खेलको रूपमा प्रयोग गर्न सकिन्छ ।
- बालबालिकाहरु पशु खाद्य र पंक्षीविज्ञानको च्याम्पियन, हाकिम, स्वर्गदूत वा संरक्षक बन्न र निगरानी गर्न वा रिपोर्ट बनाउन सक्छन् । उनीहरुले मौलिक लेखाइबाट पनि आफूलाई अभिव्यक्त गर्न सक्छन् ।

WAFS प्रोटोटाइप परियोजनाः

यो परियोजना FES दर्ता भएको अफिसको पछाडि रहेको सानो जमिनको भूभाग हो । यो ७ वर्गमिटरमा फैलिएको सानो शहरी बगैंचाको नमूना हो। सन् १९८६ मा यो बागवानी बगैंचाबाट WAFS क्षेत्रमा परिवर्तन भयो। एण्डि मिडलटनका प्रकाशित तीनवटा सरल लेखहरुबाट विभिन्न किसिमबाट ससाना जमिनको कसरी सदुपयोग गर्न सकिन्छ भन्ने जानकारी मिल्छ (Conserving Wildlife, edition 11)।

Millstream Fork क्षेत्र वन्यजन्तुले भरिपूर्ण भएकोले यसको विस्तृत वर्णन वेवपेजको लागि अत्यन्त लामो हुन्छ । त्यसैले WAFS प्रोटोटाइपका केही विशेष कुराहरु निम्न छन् ।

- पुनः रोपिएका ससाना रुख र बुटाहरुबाट लगाइएको बार
- सानो सफा तलाउ
- स्थापित बग्ने पानीको पोखरी
- Heather, wild strawberry आदि जस्ता फूल रोप्ने स्थापित ठाउँ
- Honeysuckle, ivy आदि जस्ता भित्ता छोप्दै फैलिने लहराहरु
- बगैंचाको भित्री र बाहिरी भागमा सिस्नु
- यो क्षेत्रको वरिपरि गमला र अरु भाँडामा जडिबुटि र मसलाका बोटहरु

मानवनिर्मित सामाग्रीहरु पनि जैविक विविधताका निम्ति राख्न सकिन्छन् । जस्तैः

- कम्पोस्ट मलको भाँडा

- चराको आहारस्थान
- पशु आहार स्थान
- चरा बस्ने सानो घर
- चमेरो बस्ने सानो घर
- कान्छीनानी (Ladybird) र झ्यालिन्चा बस्ने सानो घर
- विभिन्न खालका भ्यागुताका लागि घर
- कीराफट्याङ्ग्रा वासस्थान
- बगैंचा र घरका पर्खालहरु

यसका नजिक र वरपरको वातावरणमा अधिकतम जैविक विविधताको लागि निम्न कुराहरु आवश्यक छः

- Millstream आफै यस क्षेत्रको अङ्ग रहेर यसलाई सिमाङ्कन पनि गर्छ
- स्थापित रुखहरु
- नजिकै नदी
- कार्यशाला र स्टूडियो भएका घरहर
- बगैंचाको पर्खालसँगै प्रयोग नगरिएको सानो जग्गा

WAFS को शुरुवातको लागि अनौपचारिक रुपमै भएपनि एक वातावरणीय लेखा परीक्षण हुनु आवश्यक छ । यसो गर्दा परियोजनाको शुरुवातमा त्यहाँको अवस्था कस्तो थियो भन्ने थाहा हुन्छ । क्षेत्र परिवर्तित हुँदै जाँदा त्यहाँका भिन्नताहरु निगरानी गर्न र मूल्यांकन गर्न सकिन्छ । बगैंचाको विकास हुँदै गर्दा यसको अधिकतम सदुपयोग गर्न सकिन्छ ।

जैविक विविधतालाई अधिकतम बनाउन बगैंचाको परिवेश र वरपरको वातावरणलाई मूल्यांकन गर्नु उत्तम उपाय हो । यसअन्तर्गत् त्यहाँ रहेका जीवजन्तु र आगन्तुक दुबै पर्दछन् । यसो गरेमा यो क्षेत्रको निर्माण र विकास गर्न सस्तो पर्दछ । अझ भन्नुपर्दा, अवस्था हेरेर, बगैंचाको कम रेखदेख गर्नुपर्ने हुन्छ र टिकाउ रहने पनि हुन्छ । प्रायः वन्यजन्तु बगैंचाहरु नराम्रा र नमिलेका देखिने भएपनि राम्रो स्याहारसुसार गरेर यी बगैंचालाई पनि मनमोहक बनाउन सकिन्छ ।

FES को कार्यशालामा यस स्थानका लागि थुप्रै बारुलाका गुँडहरु बनाइएका थिए ।

दुई पोखरी, millstream, मौरी आकर्षित गर्ने फूलहरु र सिस्नुहरु पनि थिए ।स्कूलमा WAFS को लागि यी सबै कुरा हुनैपर्छ भन्ने जरूरी छैन । तलको उदाहरणले Millstream Fork Prototype मा पाइएका बगैंचाका जीवजन्तुलाई वर्गीकरण गरेर देखाएको छ । साथै यो तालिका कुनै पनि WAFS को लागि अनुकूल छ ।

| **निवासी** | **नियमित आगन्तुक** | **दुर्लभ आगन्तुक** |
|---|---|---|
| चराहरु | | |
| रोबिन | Moorhen | Sparrowhawk |
| Wren | बकुल्ला | Greater Spotted Woodpecker |
| स्तनधारी | | |
| Pipestrelle Bats | दुम्सी | फ्याउरो |
| खेतको मुसा | खैरो मुसा | Common Shrew |
| उभयचर | | |
| Common Newts | | Common Toads |
| भ्यागुत्ता | | |
| मेरुदण्ड नभएका जनावरहरु | | |
| कान्छीनानी | पुतली | झ्यालिन्चा |
| माकुरा | Damselflies | Fratilleries |

यो तालिकालाई अरु ढंगबाट पनि देखाउन सकिन्छ: -

क) दिउँसो र राति सक्रिय हुने जीवजन्तुहरु
ख) वसन्त, ग्रीष्म, शरद र हिउँदको मौसम
ग) पुतलीहरुका विभिन्न जाति - प्रजाति जस्तैखालका विशेष समूहहरु

यस्ता प्रत्येक स्थलको स्थापना र विकास हुने क्रममा यसमा रहेका मौलिकताको निगरानी गर्न सकिन्छ । Goldfinch जस्ता जनावरहरु अत्यन्त सुन्दर हुने भएपनि दुर्लभ जनावरहरुबारे जान्नु धैरै रोमाञ्चक र उत्साहजनक हुन्छ । साथै, बेलायतमा साधारण लाग्ने कुरा नेपालको परिवेशमा असाधारण र आकर्षक लाग्न सक्छ । यही कुरा बेलायतको परिवेशमा पनि लागू हुन्छ ।

"Secrets of Millstream Fork" मासिक Gerrards Cross पत्रिकामा प्रकाशित हुने लेखहरुको

संग्रह हो । यसका केही लेखहरु अनलाइन पाठकका लागि Pen and Ink Club वेवसाइटमा (लिंक हेर्नुहोस्) प्रकाशित छन् । यी लेखहरुले विगत २५ वर्षदेखि Millstream Fork Wildlife Garden मा भएका केही घटनाहरुलाई समेट्छ ।

सबै तस्वीरहरु, तालिका र लिखित सामाग्रीहरु को सर्वाधिकार FES मा सुरक्षित रहेकोले FES को अनुमति विना प्रयोग गर्न निषेध छ ।